यस व्यास नगरकार्यपालिकाको १८२ औं बैठक आज मिति २०८०/११/०१ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.बा. वडाध्यक्ष, १२ | - श्री विज्ञान कैनी | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: लागत सहभागीताका योजनाहरु छनौट सम्बन्धमा ।

प्रस्ताव नं.२: सरसफाईको जग्गा व्यवस्थापन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.३: नगरपालिका भित्र घरघरबाट सरसफाई अभियानको परामर्श सेवा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.४: नगरपालिकाको सरसफाई सम्बन्धी नारा तय गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५: जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.६: सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७: कर्मचारीको सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं.८: उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.९: योजनाको रकम बांडफांड सम्बन्धमा ।

प्रस्ताव नं.१०: राष्ट्रपति शैक्षिक सुधारको कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११: आधारभूत परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८० पारित सम्बन्धमा ।

प्रस्ताव नं.१२: आन्तरिक आयको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं.१३: विपदजन्य कार्यको संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.१४: मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रमको लागत रकम सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा नगर सभाबाट विनियोजित शिर्षक नं. ८५४ र ८५५ को बजेट अन्तर्गत वडाहरुबाट प्राप्त मागका आधारमा निम्न वडाहरुमा निम्न लिखित लागत सहभागिताका योजनाहरु छनौट गरी शहरी वडामा २०%, अर्धशहरी वडामा १५% र ग्रामिण वडाहरुमा १०% लागत सहभागिताको रकम २०८०/११/१५ भित्र नगरपालिकामा दाखिला गरी सम्झौता गर्न सम्बन्धित वडा मार्फत उपभोक्ताहरुलाई सूचित गर्ने निर्णय गरियो । उक्त समयभित्र लागत सहभागिता नगद रकम जम्मा हुन नआएमा बाँकी रहेको योजना रकम कार्यपालिकाको निर्णयानुसार हुने समेत निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा | कूल रकम | लागत सहभागित |
|---|---|---|---|---|
| १ | मिलन टोल नरसिंह मार्गमा कालोपत्रे र स्ल्याव सहितको पक्की नाला निर्माण | १ | १,०००,०००।०० | २००,०००।०० |
| २ | लक्ष्मी टोल र श्री टोल अर्न्तगत सफा सडकदेखि कालिका मार्गसम्मको १० फुटे बाटोमा पि.सि.सि ढलान र नाला | २ | ८५०,०००।०० | १७०,०००।०० |
| ३ | शान्तीनगर टोल अर्न्तगत बाटो तथा नाला निर्माण | ३ | ८००,०००।०० | १६०,०००।०० |
| ४ | बसन्ती मार्ग सडक कालोपत्रे | ४ | ६५०,०००।०० | १३०,०००।०० |
| ५ | मगर गूठि भवनमा शौचालय तथा रिटेनिङवाल निर्माण | ५ | ५००,०००।०० | ७५,०००।०० |
| ६ | हुलाकी चौतारा मध्यविन्दु टावर निर्माण | ६ | २५०,०००।०० | २५,०००।०० |
| ७ | शान्तिचोक सामुदायिक भवन निर्माण | ६ | ४००,०००।०० | ४०,०००।०० |
| ८ | ठुलोश्वांरा सांजा सृजनशिल आमा समुह भवन निर्माण | ६ | २५०,०००।०० | २५,०००।०० |
| ९ | लम्सालडिही खानेपानी योजना | ७ | ५००,०००।०० | ५०,०००।०० |
| १० | सामाली गोरेटो बाटो निर्माण | ७ | ३००,०००।०० | ३०,०००।०० |
| ११ | गैरी खेत कुलो निर्माण | ८ | ५००,०००।०० | ५०,०००।०० |
| १२ | श्री माहेन्द्री माध्यामिक विद्यालय भौतिक सुधार | ९ | ४००,०००।०० | ४०,०००।०० |
| १३ | श्री ॐ शिद्देश्वरी राजापानी मन्दिर ट्रस निर्माण | ९ | ५००,०००।०० | ५०,०००।०० |
| १४ | विश्वशान्ति बौद्ध गूम्बा भवन निर्माण योजना | १० | ५००,०००।०० | ७५,०००।०० |
| १५ | बेल्टारी जामुने डिप बोरिङ खानेपानी टंकी निर्माण | ११ | १,०००,०००।०० | १००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| १६ | राधाकृष्ण पार्क निर्माण | १२ | ५००,०००।०० | ५०,०००।०० |
| १७ | ठिङरिङ सामुदायिक वन क्षेत्र भित्र जय नेपाल वाल उद्यान र जिम संचालनको लागि सार्वजनिक जग्गा संरक्षण र तारबार | १३ | ७००,०००।०० | ७०,०००।०० |
| १८ | केशवटार मगर गुठी अधूरो भवन निर्माण गर्ने कार्य | १४ | ५००,०००।०० | ५०,०००।०० |
| | जम्मा | | १,०१,००,०००। | १३,९०,०००। |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा जग्गा व्यवस्थापन समितिका संयोजक श्री काशीराम श्रेष्ठबाट पेश गर्नु भएको जग्गाको तत्कालीन र दीर्घकालीन समाधानका उपायहरुको लिखित प्रतिवेदन बैठकमा जानकारी भई प्रस्ताव अनुसार अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र तत्काललाई वडा नं.१, २, ३, ४, ५ को फोहोर संकलन र घर-घर, विद्यालय, सरकारी कार्यालय र संघ संस्थामा सरसफाई सम्बन्धी परामर्श सेवा प्रदान गर्न श्रोत व्यवस्थापन प्रा.लि. वालिङ स्याङ्जासँग भएको सम्झौतालाई अनुमोदन गरी आजैदेखि अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाई अभियानको मूल नारा "विविधतायुक्त व्यासको पहिचान, दीगो सरसफाई व्यवस्थापन तय गर्ने" निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट प्राप्त सिफारिसका आधारमा यस अघिको जग्गा वर्गीकरणमा निम्नानुसार कृषिबाट गैह्र कृषिमा संशोधन गर्ने निर्णय गरियो ।

**वडा नं.९:** दुर्गा थापाको साविक फराकचौर २/क कि.नं.४३० ज.रो.३-७-२-०

**वडा नं.५:** गोविन्द कुमाल र सोम माया कुमालको साविक जामुने गा.वि.स. वडा नं.९/ण कि.नं.६६ को ज.रो.०-८-२-१ ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको समग्र पक्षको सार्वजनिक सुनुवाई २०८० फाल्गुण महिनाभित्र गर्ने गरी मिति तय गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्विकृत दरबन्दीको सहायस्तर चौथो तहमा व्यास नगरपालिका वडा नं. १० निवासी कृष्णा थापालाई कामकाज गरेकै मिति देखि लागू हुने गरी व्यास नगरपालिकाबाट सञ्चालित पुस्तकालयमा कामकाज गर्ने गरी २०८१ आषाढ मसान्तसम्म म्याद रहने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयको स्वीकृत दरबन्दीमा विगतमा करारमा कामकाज गरेका हाल सेवामा नरहेका व्यास नगरपालिका वडा नं.१० निबासी श्री तहलसिं दरै हाल बिरामी परेकाले निजलाई उपचार गर्नका लागि रु.४०,०००/(चालिस हजार) उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व.०८०/०८१ को बजेट मध्ये शिर्षक नं.११३ (९८) को विनियोजित रु.१०,००,०००/ दश लाख मध्ये निम्नानुसार कार्य गर्ने गराउने निर्णय गरियो ।

(क) भौतिक संरचना तर्फ रु.५,००,०००/ पांच लाख ।
(ख) चालु तर्फ रु.५,००,०००/ पांच लाख ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट मिति २०८०/१०/९ मा प्रेषित सूचना अनुसार देशभरका लागि विद्यालयलाई ७४ वटा (४ कोठे भवन) र विद्यालयमा सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि ५९४ विद्यालयलाई दिइने अनुदान सम्बन्धमा स्थनीय तहलाई भवनतर्फ १ विद्यालय र सूचना प्रविधि प्रयोगशाला तर्फ जम्मा २ विद्यालय स्थानीय तहबाट सिफारिस गरी

२०८०/११/५ गते भित्र पठाउनु भनिएकाले प्राप्त विद्यालय प्रस्ताव मध्येबाट निम्नानुसार सिफारिस गर्ने निर्णय गरिन्छ ।

**(क) भवन तर्फः**

(१) छाब्दी बाराही आधारभूत विद्यालय, व्यास १२ ।
(२) शिवपाञ्चायन माध्यामिक विद्यालय, व्यास ३ ।

**(ख) सूचना प्रविधि प्रयोगशाला तर्फः**

(१) पराशर माध्यामिक विद्यालय, व्यास ५, पाटन, विज्ञान प्रयोगशाला ।
(२) क्यामिन माध्यामिक विद्यालय, व्यास ७, कलेस्ती, सूचना प्रविधि प्रयोगशाला ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका आधारभूत परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आन्तरिक आयबाट पौष महिनामा प्राप्त रकम रू.९,२८,०३,४२१/३३ नगरपालिका कोषमा जम्मा भएको बैठकमा जानकारी प्राप्त भयो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | टोड्के बांध निर्माण छाब्दी खोला | १ | २,००,०००।- | ८२३ |
| २. | डांडागाउं दलित वस्ती सडक बत्ती व्यवस्थापन | १ | २,००,०००।- | ८२४ |
| ३. | करङकाठ बसपार्क शिवालय मन्दिर रङ्गरोगन | १ | २०,०००।- | १३० |
| ४. | डमौली टोल विद्युत पोल स्थानान्तरण सहयोग | १ | २८,०६२।४७ | ८२४ |
| ५. | सरिता गौली, उपचार सहयोग | १ | १२,०००।- | ६३ |
| ६. | तालिम व्यवस्थापन योग शिविर ब्रम्हकुमारी राजयोग | ३ | ८०,०००।- | १०८ |
| ७. | हैरान्स क्लव,वास्केट बल प्रतियोगिता सञ्चालन | ३ | ५०,०००।- | १३१ |
| ८. | कुमाल समुदाय बाटो मन्दिर निर्माण | ५ | ३५,०००।- | ८२२ |
| ९. | मदिखोला अत्यावश्यक सागु पुल मर्मत निर्माण सहयोग | ६ | २,००,०००।- | मर्मत संहार |
| १०. | कुलदिप बानिया, उपचार खर्च | ७ | १५,०००।- | ६३ |
| ११. | गंगामायां विष्ट गोठ आगलागि सहयोग | ९ | २५,०००।- | विपद |
| १२. | चेपाङ अन्तरकिया कार्यकम सहयोग | ९ | ५०,०००।- | ९५ |
| १३. | भवदत्त ढकाल पराल जलेर नष्ट राहत | १० | १५,०००।- | विपद |
| १४. | शिशुवा भतेरी सरसफाई केन्द्र जाने बाटो स्तरीकरण | १० | १५,००,०००।- | मर्मत संहार |
| १५. | बेलवास दलित भवन निर्माण सहयोग | १३ | ५०,०००।- | १२४ |
| १६. | पोखरीभञ्ज्याङ्ग रुदेखोला खानेपानी पानी तान्ने पम्प खरिद | १३ | ४५,०००।- | ८३१ |
| १७. | मगर विद्यार्थी लखन थापा फुटवल प्रतियोगीता सञ्चालन | | ५०,०००।- | १३१ |

**<u>निर्णय नं.१४:</u>** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को बजेट शिर्षक नं.७७५ क.सं.८१९ मा रहेको नवप्रवर्तनीय कार्यक्रम लागत साझेदारीका लागि विनियोजित रकम रू.३०,००,०००। ( तीस लाख) मध्येबाट खर्च गर्ने गरी कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना, मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि यस पालिकासँग भएको सम्झौता बमोजिम देहाय बमोजिमको शिर्षकमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. नमूना वस्तीको अवधारणा तथा सचेतना कार्यक्रम लगायत व्यास १४ रुम्सी -२,००,०००।
२. बस्तीमा स्टोन ट्रेल निर्माण -१५,००,०००।
३. नमुना गाउँको प्रचार प्रसार सामग्री निर्माण -५,००,०००।
४. रैथाने बालीको बिउविजन वितरण, सुन्तला तथा कुरिलो बिउ विरुवा व्यवस्थापन -३,००,०००।

***